**गौर नगरपालिकाको १६ औं नगरसभाको अधिवेशनमा**

# नगर प्रमुख श्री शम्भु साहज्यूद्वारा

प्रस्तुत

**आर्थिक वर्ष २०८२/०८३ को निति तथा कार्यक्रम**

नगरसभाका उपाध्यक्षज्यू
नगरसभाका सचिवज्यू
तथा नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु

- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था एवं लोकतन्त्रको आधारभूत मूल्य मान्यताको माध्यमबाट दिगो विकास, सुशासन, समृद्धि र स्वच्छ वातावरण अनुकूल नगर स्थापनार्थ विभिन्न विषय संग सम्बन्धित सरोकारवाला तथा नगरवासीको अमूल्य सुझावहरुलाई समेटेर तयार पारिएको यस गौर नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय नगरसभामा प्रस्तुत गर्न पाँउदा म अत्यन्त हर्षित भएको छु ।

- राष्ट्रिय एकता, भौगोलिक अखण्डता राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली नागरिकले पटक-पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, मधेश आन्दोलन, त्याग र वलिदानमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने अग्रज एवं शहीदहरु तथा नागरिकहरु प्रति उच्च सम्मान गर्न व्यक्त गर्न चाहन्छु ।

- यस नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकारले अन्तर्राष्ट्रिय रुपमा गरेको प्रतिवद्धता, दिगो विकास लक्ष्य, नेपालको संविधान, संविधानको निर्देशक सिद्धान्त एवं नीतिहरु, नेपाल सरकारको आवधिक योजना, क्षेत्रगत नीतिहरु, वार्षिक बजेट, प्रदेश स्तरीय नीति एवं कानून, नागरिकका मौलिक हक, हामीले जनतामाझ गरेका प्रतिवद्धता एवं चुनावी घोषणापत्र, नागरिकका अपेक्षा एवं मागहरुलाई आधार लिइएको छ ।

- सँघात्मक शासन प्रणाली एवं सन्निकटताको सिद्धान्त बमोजिम स्थापित अधिकार सम्पन्न यस गौर नगरपालिकाको **"हाम्रो अभियान समृद्धि,विकास र गौर नगरपालिकाको श्रेष्ठ पहिचान"** स्थापना गर्ने दीर्घकालीन सोचलाई साकार बनाउदै स्थानीय सरकारप्रति जन-विश्वास अभिवृद्धि गर्ने यस नीतिको प्रमुख उद्देश्य रहेको जानकारी गराउन चाहन्छु ।

- स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, समानीकरण, समपूरक एवं विशेष अनुदान, राजस्व बाँडफाँड र यस नगरपालिकाको आन्तरिक आय समेतलाई मध्यनजर गर्दै यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

- संघीय तथा प्रादेशिक सरकारको दीर्घकालीन सोच अनुरुप यस गौर नगरपालिकाको दीर्घकालीन तथा क्षेत्रगत नीतिहरुमा लिइएको लक्ष्य बमोजिम आगामी समयमा यस पालिकालाई समृद्ध, सुन्दर र वातावरणमैत्री नगरको रुपमा व्यवस्थित गर्न आवश्यक पर्ने नीतिहरुको बारेमा अध्ययन, अनुसन्धान र सरोकारबालाहरुसँग समसामयिक छलफल गरी राय सुभाव सकलन गरी दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गरी लक्ष्य उन्मुख नीति, कार्यक्रम र बजेट तर्जुमा गरिएको छ ।

- नगरपालिकामा योजना बैंक, डाटा बैंक र ज्ञान बैंकको स्थापना गरी विकासका सबै क्षेत्रमा प्रयोग गरिनेछ ।

**नगरसभाका सदस्यज्यूहरु,**

अब म यस नगरपालिकामा विगतमा भएका प्रमुख उपलब्धीहरुलाई संक्षिप्त रुपमा यस गरीमामय नगरसभा अधिवेशन समक्ष प्रस्तुत गर्न चाहन्छु ।

- शिक्षा क्षेत्रको निरन्तर सुधारको प्रयास स्वरुप कक्षा कोठा अभाव रहेका ७ वटा सामुदायिक विद्यालयहरुमा थप कक्षा कोठाहरु तयार गरी विधालयको प्रयोगमा ल्याइएको साथै फर्निचर अभाव रहेको सवै सामुदायिक विधालयहरुमा फर्निचर उपलब्ध गराईएको छ।
- सामुदायिक विधालयहरुका प्रधानाध्यापकहरुलाई कार्यक्षमता अभिवृद्धि गर्न १७ थान ल्यापटप र प्रिन्टर उपलब्ध गराइएकोछ ।
- सेवा प्रवाह, वित्तीय नियन्त्रण र सुशासनको सूचकहरु पुरा गर्दै नगरपालिकाको स्व मुल्यांकन (लिजा), र वित्तीय जोखिम मुल्यांकनमा जिल्लामा प्रत्येक बर्ष उत्कृष्ट नतिजा ल्याउनुका साथै आर्थिक वर्ष २०७९।०८० मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित आयोगबाट स्थानीय तह स्वमूल्यांकन हुदा मधेश प्रदेशमा प्रथम स्थान हासिल हुन सफल भएको सहर्ष जानकारी गराउन चाहन्छु ।
- गैर नगरपालिका सामाजिक विकासका क्षेत्रमा देश भरीमा प्रथम स्थान हासिल गर्न सफलता प्राप्त हुनुका साथै हाथि पाईले विरुद्धको आम अषधी खुवाउने अभियानमा समेत प्रथम स्थान प्राप्त गर्न सफल भएको व्यहोरा सहर्ष अवगत गराउन चाहन्छु
- हाल सम्म ६ पटक नगरसभा तथा ३६ वटा कार्यपालिका बैठक सर्वसम्मत रुपमा सम्पन्न गर्दै नगर विकासको अभियानलाई अगाडि बढाईएको छ ।
- नेपालको संविधानको अनुसुची ८ मा स्थानीय तहलाई प्रदान गरिएको एकल अधिकारहरुको कार्यान्वयनका लागि ३२ वटा ऐन, ८ वटा निमयावली, ४५ वटा कार्यविधि / निर्देशिका र २ वटा आचार संहिता सहित ८७ वटा कानून तर्जुमा गरिएको ।
- हामी निर्वाचित भए पश्चातका हरेक आर्थिक बर्षहरुमा क्रमश आ.व.२०७९।०८० मा संघ सरकारबाट प्राप्त हुने वितिय समानिकरण अनुदान र राजश्व बाँडफाँडबाट प्राप्त हुने सिलिङगमा वितिय समानिकरण अनुदान तर्फ रु.१३ करोड ४९ लाखको अख्तियारी प्राप्त भएकोमा रु.१२ करोड ४७ लाख ८२ हजार ५ सय मात्र प्राप्त भई रु. १ करोड १ लाख १७ हजार ५ सय कटौती भएको, राजश्व बाँडफाँड तर्फ रु.८ करोड १५ लाख ९२ हजारको अख्तियारी प्राप्त भएकोमा रु.६ करोड २२ लाख ४ सय ७३ प्राप्त भई रु.१ करोड ९३ लाख ९१ हजार ५ सय २६ रुपैया कटौती भएको, त्यसैगरी आ.व.२०८०/०८१ मा वितिय समानिकरण अनुदान तर्फ रु.११ करोड ९१ लाखको अख्तियारी प्राप्त भएकोमा रु.११ करोड ७ लाख ६३ हजार प्राप्त भई रु.८३ लाख ३७ हजार कटौती भएको, राजश्व बाँडफाँड तर्फ रु.७ करोड ९९ लाख ४९ हजार ६ सयको अख्तियारी प्राप्त भएकोमा रु.६ करोड ७८ लाख ४७ हजार ७४ रुपैया प्राप्त भई रु.७१ लाख ५२ हजार ५ सय २६ कटौती भएको र आ.व.२०८१/०८२ मा वितिय समानिकरण अनुदान तर्फ रु.११ करोड ९२ लाखको अख्तियारी प्राप्त भएकोमा हालसम्म रु.१० करोड ९३ लाख ७७ हजार ९ सय २० रुपैया प्राप्त भई रु.९८ लाख २२ हजार ८० रुपैया निकासा नभएको र राजश्व बाँडफाँड तर्फ रु.८ करोड ४९ लाख ४५ हजार ७ सय ४६ रुपैयाको अख्तियारी प्राप्त हुन आएकोमा हाल सम्म रु.६ करोड ५९ लाख ८८ हजार ४ सय ३ रुपैया प्राप्त भई रु.१ करोड ८९ लाख ५७ हजार ३ सय ४३ निकासा प्राप्त हुन नआएकोले वितिय समानिकरण अनुदान तर्फ रु.२ करोड ८२ लाख ७६ हजार ५ सय ८० र राजश्व बाँडफाँड तर्फ रु.४ करोड ५५ लाख १ हजार ३ सय ९५ रुपैया गरी कुल **कटौती रकम रु.७ करोड ३७ लाख ७७ हजार ९ सय ७५ रुपैया** हुँदा समेत बिचलित नभई निर्धारण गरिएको नीति तथा कार्यक्रमहरु निर्वाद रुपमा संचालन गरी नगरको विकासमा हामी लागीपरेको तथ्य यहाँहरुलाई विदितै छ ।
- पूर्वाधार विकास क्षेत्रमा वहुप्रतिक्षित घण्टाघर निर्माण, कोल्ड स्टोर निर्माण, पक्की सडक निर्माण १२,८११ मी., नाला निर्माण ७,४६६ मी., नाला माथि राखिने स्लेव निर्माण २६० थान, सडक ग्रेभल ११,६३५ मी., सामुदायिक भवन १ वटा, ८ नं. वडामा प्रवेश द्वार निर्माण, सामुदायिक बिधालयमा थप निर्माण १२ वटा, स्वास्थ्य केन्द्र भवण निर्माण ८ वटा, बिवाह भवन निर्माण २ वटा, २ वटा झोलुङ्गे पुल, ५०५३ वटा सडक बत्ति, १५०० सय घरधुरीलाई स्वच्छ खानेपानीका लागि हैण्ड पाइप वितरण, कम्पाउन्ड वाल निर्माण २९३ मी., मदर्शा भवनमा थप निर्माण ३ वटा, रिभर ट्रेनिङ निर्माण ४ वटा, चौतारा निर्माण २ वटा, पुस्तकालय थप निर्माण १ वटा, हेल्प डेस्क निर्माण १ वटा, नगर कार्यपालिका, वडा र अन्य सामुदायिक गरी ४

वटा भवन निर्माण, २२ वटा मठ मन्दिर एवं निर्माण सुधार, करिब २०० वटा व्यवसायिक एवं आवासीय भवनको स्वीकृति लगायतका कार्यहरु गरिएको छ।

- आ.व.२०७९/०८० देखि आ.व.२०८१/०८२ को जेष्ठ मसान्त सम्म गौर नगरपालिकाको न्यायिक समिति समक्ष जम्मा ३२१ उजुरी दर्ता हुन आएकोमा न्यायिक समितिको क्रियाशीलतामा मेलमिलाप/मिलापत्रको माध्यमबाट १७० वटा उजुरीको समाधान गरिएको छ, भने न्यायिक समितिबाट ७५ वटा उजुरीको फैसला गरिएको छ, भने बाँकी ७६ वटा उजुरीहरु न्यायिक प्रकृया रहेको छ ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका र विपन्न नागरिकहरुको हित अभिवृद्धिका लागि नीतिगत, संरचनागत एवं कार्यक्रमगत सुधार गरिएको छ।
- ज्येष्ठ नागरिक र फरक क्षमता भएका व्यक्तिहरुको लागि सम्मान कार्यक्रम ,परिचय पत्र बितरण, विभिन्न दिवस कार्यक्रमका लागि आवश्यक सहयोग गरिएको छ ।

- नगरपालिकाको लगानीमा जग्गा व्यवस्थापन गरी संघीय खानेपानी मन्त्रालय संगको समन्वयमा यस नगरपालिकाको वडा नं.४ टिकुलियामा फोहरमैला तथा दिसाजन्य लेदो व्यवस्थापन प्लान्टको निर्माण कार्य अगाडी बढाईएको छ।
- व्यवसायिक कृषि तथा पशुपालनको माध्यमबाट नगरवासीहरुको आर्थिक उत्थानका लागि योजना तथा कार्यक्रम अन्तर्गत यस नगरपालिकाको वडा नं.१ गुदरी बजारमा अत्याधुनिक कृषि तथा पशुपन्छी प्रयोगशाला सहितको सेवा केन्द्र स्थापनाको कार्य अन्तिम चरणमा छ।
- २०८१ सालको बाढी प्रभावित स्थानीय किसानहरुलाई राहत स्वरुप नि-शुल्क गहुँ तथा मसुरोको उन्नत जातको विउ वितरणका साथै प्रत्येक वर्ष ५०% अनुदानमा धान र गहुँको विउ समेत उपलब्ध गराईएको छ ।
- पशुहरुमा देखा परेको लम्पि स्किन ,भयागुते रोगका साथै अन्य रोगहरु बाट सुरक्षा र उपचारका लागि औषधी र अन्य सेवाहरु उपलब्ध गराईएको छ ।
- सिचाई सुविधा बिस्तारका लागि नियमानुसार बोरिङ, मोटर वाटर पम्प, डिलेवरी पाइप सहित आवश्यक यन्त्र उपकरण उपलब्ध गराईएको छ ।
- उद्यमशिलता र रोजगारी सिर्जना गर्न सरकारी, निजी र गैरसरकारी क्षेत्र संग समन्वय एवं सहकार्य गर्दै कार्यक्रम अगाडि बढाईएको छ ।
- राजस्व सुधार योजना तथा राजस्वको दायरा वृद्धि सम्बन्धी विभिन्न अभियान संचालन गरिदा समेत विगत वर्षको तुलनामा अपेक्षित आन्तरिक राजस्व वृद्धि हुन नसकेकोले करका थप क्षेत्रहरु पहिचान गरी राजश्व वृद्धि गरिनेछ ।
- नगरपालिकाको मध्यमकालीन खर्च संरचना, अन्य विषयगत तथा रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनको क्रममा रहेको छ
- कृषकहरुलाई कृषिमा आत्म निर्भर बनाउन विभिन्न कार्यक्रम संचालन गरिनुका साथै कृषि विद्युतीकरण कार्यको लागि विधुत पोल जडान कार्य प्रारम्भ गरिएको छ
- विपद व्यवस्थापन, पर्यटन विकास, आन्तरिक आय वृद्धि लगायतका क्षेत्रमा संघ, प्रदेश, र अन्तर स्थानीय तह समन्वय, सहकार्य र अन्तर-सम्बन्धलाई अगाडि बढाइएको छ।

**अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

**युवा, शिक्षा तथा खेलकुद**

१. शिक्षाको गुणस्तर सुधारका लागि विद्यालयमा शिक्षण सिकाई क्रियाकलापलाई आधुनिक प्रविधियुक्त बनाइएको छ । यसका लागि विद्यालयमा सूचना तथा संचार प्रविधिका सामग्रीहरु वितरण गरिनेछ । शिक्षकहरुलाई प्रत्यक्ष तथा अप्रत्यक्ष विधिको माध्यमबाट तालिम दिएको छ । सिकाइमा सहजता प्रदान गर्न शैक्षिक सामग्री वितरण गरिनुका साथै सामुदायिक विद्यालयहरुलाई सुदृढ बनाइनेछ ।

२. राजर्षि जनक विश्वविधालयको आंगिक क्याम्पसको रुपमा संचालित पंडित मंगल कुमार उपाध्याय बहुमुखी क्याम्पसको तर्फबाट उक्त संस्थामा यस नगरपालिकाको समेत संलग्नताको लागि गत वर्ष प्रस्तावित कार्यनिति अनुरुप यस नगरपालिकाले आवश्यक प्रक्रिया पूरा गरी उक्त समन्वय र सहकार्यलाई निरन्तरता दिईनेछ ।

३. विधार्थीको सिकाई मूल्याङ्कनका लागि वार्षिक रुपमा गरिने सबै प्रकारका विधालय केन्द्रित कार्यक्रममा सामुदायिक तथा संस्थागत विधालयलाई सहभागी गराईनेछ ।

४. सामुदायिक विधालयमा पठनपाठनका लागि यस न.पा.बाट नियुक्त करार शिक्षकलाई पालिकाबाट सम्झौता गरी विधालयमा कामकाजमा खटाइएकोमा आगामी दिनमा स्रोतको अवस्था यकिन गरी आवश्यकता अनुसार निरन्तरता दिईनेछ ।

५. सम्पूर्ण विधालयहरुलाई प्रविधिमैत्री एंव बालमैत्री बनाइनेछ । यसको लागि तीन तहको सरकारको सहयोग र समुदायको सहकार्यमा विधालयहरुलाई पूर्वाधार र स्रोत साधनले सम्पन्न तुल्याउने कार्यलाई निरन्तरता दिइनेछ । यस क्रममा विधालयहरुमा शुद्ध पिउने पानी, विधुतीय हाजिरी, इन्टरनेट जडान, फर्निचर तथा आधारभुत स्वास्थ्य सामाग्रीहरुको उपलब्धताको लागि प्रत्येक विधालयमा फर्स्टएड बक्स उपलब्ध गराईनेछ ।

६. गौर नगरपालिकालाई शैक्षिक गन्तव्यको रुपमा विकास गर्न यस क्षेत्रमा माध्यमिक तह र उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरुलाई नगरपालिकामा आकर्षित गर्ने नीति अनुरुप राजर्षि जनक विश्व विद्यालयको आंगिक क्याम्पसबाट हाल संचालित विषयहरु बाहेक इन्जिनियरिङ्ग विषय सहितको आंगिक क्याम्पस संचालन गर्नका लागि यस नगरपालिकाको वडा नं ८ मा जग्गा पहिचान गरी सकिएको छ । आगामी आर्थिक वर्ष भित्र क्याम्पसको निर्माण कार्यको थालनी गर्न सम्बन्धित निकायसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

७. बालबालिकाहरुलाई "विद्यालय ल्याउने, सिकाउने र टिकाउने" नीतिलाई निरन्तरता दिइनेछ । स्थानीय इतिहास, भूगोल, कला, साहित्य, संस्कृति आदि विषयको जानकारी र नगरप्रतिको अपनत्वभाव विकास गर्न स्थानीय पाठ्यक्रम सबै विद्यालयमा पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

८. सामुदायिक र संस्थागत विद्यालयका बीचमा शिक्षामा गुणस्तर र पहुँचमा समानता स्थापित गर्न अन्तर विद्यालय अनुगमन, सिकाई साझेदारी, कमजोर विद्यार्थीलाई असल अभ्यास आदान प्रदान र विभिन्न किसिमका अतिरिक्त तथा सह-क्रियाकलाप सञ्चालन गरिनेछ ।

९. विद्यालय शिक्षा पूरा गरेका गरीब, विपन्न, बंचित तथा पिछड़िएका वर्ग र समुदायका छात्रछात्राहरुको उच्च शिक्षामा पहुँच वृद्धिको लागि विपन्न छात्रवृति अनुदानको व्यवस्था मिलाइनेछ ।

१०. हाल एस.ई.ई परीक्षामा उत्कृष्ट विद्यार्थीलाई प्रदान गरिदै आएको प्रोत्साहन कार्यक्रमलाइ निरन्तरता दिदै कक्षा १२ मा उत्कृष्ट नतीजा हासिल गरेका विद्यार्थीलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

११. सामुदायिक र संस्थागत विद्यालयको एउटै शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गर्ने, शिक्षक दरबन्दी सोही अनुसार मिलान गर्ने कार्यलाइ निरन्तरता दिईनेछ। नगरपालिकावाट विद्यालय अनुगमन र सुपरीवेक्षणको कामलाई नियमित, व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१२. समुदायस्तरमा खेल र खेल संस्कृतिको विकास र प्रवर्द्धन गर्न नगर प्रमुख कप लगायत विभिन्न किसिमका नगरस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ।

१३. **गरौं योग बनौं निरोग** को नारालाई सार्थक बनाउन योग अभ्यास तथा योग तालिमलाई नगरको हरेक वडामा विस्तार गरी नागरिक आरोग्य केन्द्रको सुरुवात गरिनेछ ।युवाहरुमा विभिन्न खेलकूदप्रति आकर्षण बढाउन नगरक्षेत्र भित्र बसोवास गर्ने राष्ट्रिय तथा अन्तरराष्ट्रीय स्तरमा विशेष योगदान पुर्याउने खेलाड़ी तथा खेल क्षेत्रका व्यक्तिलाई सम्मान र पुरस्कृत गरिनेछ।

१४. बालबालिकामा रहेको अन्तर्निहित प्रतिभा र क्षमताको प्रस्फूटन गर्न बालबालिका बीच सम्बन्ध विकास र व्यक्तित्व विकास निम्ति नगर स्तरीय साहित्यिक एवं सांस्कृतिक कार्यक्रम, हाजिरी जवाफ, वक्तृत्व विकास लगायतका कार्यक्रम संचालन गरिनेछ।

१५. विद्यार्थीहरुलाई  सामुदायिक विद्यालयमा आकर्षित गर्न विद्यार्थी भर्ना अभियानका साथ शिक्षक घरदैलो कार्यक्रम लाई निरन्तरता दिइनेछ।

१६. प्रधानाध्यापकसंग कार्य सम्पादन सम्बन्धी सम्झौता गरी करारको उपलब्धी मूल्याङ्कन गरिनेछ।

१७. विद्यालय व्यवस्थापन समिति संग विद्यालय विकासका लागि गर्नुपर्ने विविध विषयमा विचार विमर्श कार्यशाला गरिनेछ।

१८. शिक्षक, प्रधानाध्यापक एवं व्यवस्थापन समितिको सशक्तिकरण कार्यशाला संचालन गरिनेछ।

१९. शिक्षकहरुको कक्षा अवलोकन पृष्ठपोषण कार्यक्रम संचालन गरिनेछ।

२०. शिक्षित युवा लक्षित उद्यमशिलता विकास कार्यक्रम ल्याइनेछ।

२१. शिक्षण संस्थाको सम्पत्ति संरक्षण र सम्वर्द्धन गरिनेछ।

२२. नगरका हरेक विद्यालयहरुमा वृक्षारोपण कार्यलाई कडाईका साथ लागु गरिनेछ ।

२३. संस्थागत विद्यालयहरूको छात्रवृति र शुल्क बारे विस्तृत अध्ययन एवं अनुगमन प्रतिवेदनको आधारमा एकीकृत नीति तजुमा गरी कार्यान्वयन गरिनेछ।

२४. विगतमा निर्माण कार्य शुरु भई निर्माणाधिन रहेको जुद्ध नमुना माध्यामिक विद्यालयको छात्रावास तथा क्यान्टिन समेत आगामी आ.व. भित्र निर्माण सम्पन्न गराई प्रयोगमा ल्याईनेछ ।

## आधारभूत स्वास्थ्य

यस  गौर नगरपालिकामा बिभिन्न महामारी तथा प्रकोप र आकस्मिक अबस्थामा समेत अग्रपंक्तीमा रहेर अहोरात्र खटिनुहुने संपुर्ण स्वास्थ्यकर्मी, चिकित्सक, महिला स्वास्थय स्वयं सेविकाहरु र संबद्ध कर्मचारीहरुलाई बिशेष धन्यबाद ज्ञापन गर्दछु आ.व.२०८२/०८३ मा स्वास्थ्य सेवा को पहुँच नपुगेको बर्ग तथा समुदाय, महिला, किशोर, किशोरी तथा बालबालिका, अपांगता भएका व्यक्तिहरुमा पहुँच अभिबृद्धि गर्न महिला, किशोर तथा किशोरीहरुको प्रजनन स्वास्थ्यको अबस्थामा सुधार, बृहत यौनिकता तथा प्रजनन स्वास्थ्य शिक्षाको प्रवर्धन, स्वास्थ्य शासन सुदृढीकरण, स्वास्थ्य सुचना प्रणाली सुदृढीकरण, स्वास्थ्य संस्थाहरुको संस्थागत अबस्थामा सुधार, गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता, आम जन समुदायमा स्वास्थ्य सुशासनको प्रत्याभूतिका लागि देहाय बमोजिमको नीति अबलम्बन गरिनेछ ।

१. आर्थिक अभावका कारण कुनै पनि नागरिकले गुणस्तरीय स्वास्थ्य सेवा लिन वाट बंचित हुन नपरोस भन्ने हेतुले “स्वस्थ नगर” निर्माणको अभियानलाई सार्थक तुल्याउन नगरपालिका मातहतका स्वास्थ्य संस्थाबाट नगरवासीले निःशुल्क रुपमा पाउने विभिन्न ९८ प्रकारका औषधीहरुको सहज उपलब्धताको व्यवस्था मिलाउनुको साथै नगरपालिकाले निःशुल्क उपलब्ध गराएका औषधी तथा अन्य सेवाहरुको विवरण सार्वजनिक गरिनेछ। शुलभ र गुणस्तरीय सेवाको पहुंच सुनिश्चित गर्न आवश्यक पूर्वाधार, जनशक्ति, प्रविधि तथा उपकरण र कार्यरत जनशक्तिको ज्ञान तथा क्षमता अभिवृद्धि गरिनेछ।

२. "जीवनको मानव सूचकांकको आधार, नगरबासीका स्वास्थ्य बिमामा पहुँचको सपना साकार भन्ने अभियानका साथ आधारभूत स्वास्थ्य सेवामा आम नगरवासीको सुगम र सहज पहुंचलाई उच्च प्राथमिकतामा राखी स्वास्थ्य बिमा कार्यक्रम लागु गर्न आवश्यक पहल गरिनेछ ।

३. “स्वस्थ नगर हाम्रा रहर" को ध्येय पूरा गर्न मानव स्वास्थ्य जोखिम न्यूनीकरणका निम्ति ज्येष्ठ नागरिक लक्षित स्वास्थ्य शिविरका मार्फत स्वास्थ्य उपचार सेवा, प्रयोगशाला सेवा र निःशुल्क औषधी वितरण तथा नसर्ने रोग र मानसिक स्वास्थ्य सम्बन्धी विभिन्न अभिमुखीकरण लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै विद्यालय स्वास्थ्य सेवा कार्यक्रम मार्फत सामुदायिक तथा संस्थागत विद्यालयका छात्र, छात्राहरुलाई आकस्मिक महामारी, सर्ने तथा नसर्ने रोग सम्बन्धी सूचना मुलक श्रव्यदृश्य सामाग्री प्रसारण गरी व्यवहारमा परिवर्तन गर्न प्रेरित गरिनेछ।

४. स्वास्थ्य संस्था र अस्पतालवाट प्रदान गर्दै आएका नियमित खोपलाइ व्यवस्थित, गुणस्तरीय र सहज गराउन सम्पूर्ण स्वास्थ्य संस्थामा विश्व स्वास्थ्य संगठनको मापदण्ड बमोजिम स्वास्थ्य चौकीको ल्याब सेवालाई थप विस्तार एवं सुदृढीकरण गर्दै लगिनेछ।

५. समुदायमा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेख्य योगदान पुर्याउदै आएका सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको सेवालाई थप प्रभावकारी बनाइनेछ ।

६. गौर नगरपालिकाको सम्पूर्ण वडाहरुका स्वास्थ्य चौकीहरुमा ल्याब सहतिको स्वास्थ्य सेवा उपलब्ध गराइनुका साथै प्रसुती सेवा केन्द्रको स्थापना, संचालन र एम्बुलेन्स लगायतका आधारभूत सेवाको उचित व्यवस्था गरिनेछ ।

७. सुरक्षित मातृत्व सेवा अन्तर्गत गर्भवती तथा सुत्केरी महिलाहरुलाई चरणबद्ध स्वास्थ्य जांच एवं नवजात शिशुको स्वास्थ्य प्रवर्द्धनको लागि गर्भवती तथा सुत्केरी महिलाहरुलाई निःशुल्क क्याल्सियम तथा आयरन चक्की वितरणलाई निरन्तरता दिईने छ।

८. नगरपालिका अन्तर्गतका प्रत्येक स्वास्थ्य संस्थाबाट प्रवाह हुदै आएका स्वास्थ्य गतिविधिहरुको चुस्त, दुरुस्त अभिलेख तथा विद्युतीय प्रतिवेदन प्रणालीको विकास गरी स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली र आपूर्ति व्यवस्थापन सूचना प्रणालीलाई अझ सुदृढ गरिनेछ। कर्मचारीलाई क्षमता अभिवृद्धि तालिम दिई सेवा प्रवाहको स्तर मापन गरी उत्कृष्ट सेवा प्रदान गर्ने स्वास्थ्य संस्था र कर्मचारीलाई पुरस्कृत गरिनेछ।

९. संघिय सरकारबाट प्राप्त शसर्त कार्यक्रम र बजेटसँग तालमेल हुने गरी स्वास्थ्यका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन थप बजेटको व्यवस्था गरिनेछ।

१०. पालिकास्तरमा प्रसुतिकेन्द्र बिस्तार गरी सेवा सुचारु गरिनेछ ।

११. पालिकाको स्वास्थ्य प्रणाली सुधार तथा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच अभिबृद्धि गर्न स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको क्षमता अभिबृद्धि गरिनेछ ।

१२. महिलाहरुमा हुने पाठेघरको क्यान्सर स्क्रिनिंग कार्य निरन्तर रुपमा जारी रहेकोमा सो रोगका लागि शिविर तथा उपचारको व्यवस्था गरिनेछ । प्रत्येक स्वास्थ्य संस्थाबाट पाठेघरको मुखको क्यान्सर स्क्रिनिंग गर्ने व्यवस्था मिलाइनेछ ।

१३. संस्थागत सुत्केरीको संख्या बृद्धि गराउन महिला स्वास्थ्य स्वयंसेविका परिचालनका लागी प्रोत्साहन जन्य क्रियाकलाप गरिनेछ।

१४. बाल बिबाह अन्तका लागि किशोरीहरुको नेतृत्व विकास र लैंगिक हिंसा रोकथामका लागी सचेतना अभिबृद्धि गरिनेछ ।

१५. बिधालय स्तरमा प्रजनन स्वास्थ्य तथा बृहत यौनिकता शिक्षालाई प्रभावकारी बनाउदै लगिनेछ ।

१६. किशोरीहरुमा हुने रक्त अल्पताको जोखिम न्यूनीकरणका लागी आइरन फोलिक बितरण कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित गराइनेछ ।

१७. नवजात शिशु तथा सुत्केरी महिलाको घरभेट कार्यक्रमलाई व्यवस्थित रुपमा आगाडि बढाइनेछ ।

१८. ग्रामीण अल्ट्रासाउण्ड सेवालाइ सबै वडामा संचालन गर्न निरन्तरता दिईनेछ ।

१९. स्वास्थ्य संस्थाबाट सेवा उपयोगिताको विधुतीय प्रबिष्टी इ.एच.आई.एम.एस. गर्ने व्यवस्था गरिनेछ ।

२०. स्वास्थकर्मीहरुको दृष्टिकोण, व्यवस्थापन टोली र सेवाग्राहीहरु बीचको सम्बन्ध विस्तारका लागि वडा स्तर देखि नगरपालिका स्तरसम्म भए गरिएका कामको सामाजिक परीक्षण तथा सेवाग्राहीहरुको गुनासो व्यवस्थापन गर्ने संयन्त्रको स्थापना गरिनेछ ।

२१. स्वास्थ्यकर्मीहरुलाई अध्यावधिक स्वास्थ्य सूचना प्रणाली , स्वास्थ्य आपूर्ति सूचना प्रणाली सम्बन्धमा क्षमता अभिवृद्धि गरिनेछ।

२२. सबै स्वास्थ्य संस्थामा क्रमिक रुपमा किशोर किशोरीमैत्री सूचना कर्नरको ब्यवस्था गरिनेछ ।

२३. महामारी तथा प्राकृतिक प्रकोपको ब्यवस्थापन गर्न पालिका स्तरमा कोष स्थापना गरिनेछ ।

२४. रोगको संक्रमण रोकथाम, उपचार र नियन्त्रणका लागि प्रदेश र संघीय सरकारसँग समन्यव गरी मापदण्ड अनुसारको ब्यवस्थापन गरिनेछ ।

२५. आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट संचालित सेवाको स्तर उन्नती गर्दै सबै स्वास्थ्य संस्थामा न्युनतम सेवा मापदण्ड लागु गरिनेछ

२६. उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम, कलेजो, मृगौला लगाएतका नसर्ने रोगको पहिचान परीक्षण र उपचारका कार्यक्रमहरु प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी थप प्रभावकारी बनाइनेछ ।

२७. स्वास्थ्य कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङकन र नियमन गर्ने संयन्त्रको विकास गरिनेछ ।

२८. सबै स्वास्थ्य संस्थामा संक्रमण रोकथाम , सेवाग्राहीहरुको लागि शुद्ध खानेपानीको व्यवस्था सुनिश्चित गरिनेछ ।

२९. गौर नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका निजी तथा साझेदारी औषधी पसल, पोलिक्लिनिक, नर्सिंग होम, डेण्टल क्लिनिक, फिजियोथेरेपी केन्द्र, प्रयोगशाला लगायतका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुको तथ्याङ्क संकलन, दर्ता प्रक्रिया, नियमित अनुगमन एवं मूल्याङ्कन गरी नगरपालिकाको स्वास्थ्य प्रणालीमा आबद्ध गराईनेछ । आयुर्वेदिक स्वास्थ्य सेवालाई थप विस्तार एवं व्यवस्थित गरिनेछ । आरोग्य सेवा केन्द्र संचालन, विस्तार र आवश्यक औषधी, उपकरण व्यवस्थापनलाई निरन्तरता दिईनेछ।

३०. आर्थिक रुपले विपन्न नागरिक परिवारका मृगौला प्रत्यारोपण, डायलिसिस, क्यान्सर र मेरुदण्ड पक्षघात जस्ता बिरामीलाई आर्थिक सहायता प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

३१. किराजन्य रोग तथा डेंगु नियन्त्रणका लागि औषधी छर्कर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

**कृषि तथा पशुपन्छी**

१. कृषि तथा पशुपन्छी क्षेत्रलाइ आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रीकीकरण एवं बजारीकरण गर्दै यस क्षेत्रको समग्र विकास गर्न नगर कृषि गुरु योजना तर्जुमा गरिनेछ।

२. तरकारी बालीमा लाग्ने रोग किरा व्यवस्थापन गर्न कृषक पाठशाला आगामी आ.व. देखि संचालन गरिनेछ।

३. बढदो शहरीकरण संगै नगर क्षेत्रमा विस्थापित हुन थालेको पशुपालन, कृषिखेतीको निरन्तरताका लागि कृषि भूमिको संरक्षण एवं आधुनिकीकरणमा जोड़ दिईनेछ।

४. नगरपालिका क्षेत्रभित्र बढदै गएको रासायनिक मल र विषादीको प्रयोगलाई न्यूनीकरण एवं प्रांङ्गिक मलको प्रयोग अभिवृद्धि गर्न जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

५. रोजगार सेवा केन्द्रमा सूचीकृत युवा बेरोजगारहरुलाई लक्षित गरी कृषि सम्बन्धी तालिम संचालन गदै कृषि स्वरोजगारमा जोड दिईनेछ ।

६. नगरपालिकामा दर्ता भएका कृषक समूह, कृषि फर्महरुलाई प्रोत्साहन गर्ने विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

७. कृषकहरुको लगानी सुरक्षित गर्न बाली विमा तथा पशुबिमा कार्यक्रम सञ्चालन गरिनेछ । पशु नश्ल सुधार, मासु र मासुजन्य पदार्थ एवं दुग्धजन्य पदार्थ उत्पादन अभिवृद्धिका लागि पशु कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ ।

८. व्यवसायिक रुपमा कृषि तथा पशुपन्छी क्षेत्रमा काम गर्न इच्छुक कृषक वा कृषक समुह मार्फत कृषि क्षेत्रमा आकर्षण वढाउन उत्कृष्ट कृषकलाई सम्मान एवं पुरस्कृत गरिनेछ ।

९. किसान सूचीकरण कार्यक्रम सम्पन्न भईसकेको सन्दर्भमा सूचीकृत किसानलाई निश्चित मापदण्डको आधारमा व्यवसायिक कृषक छनोट गरी कृषि तथा पशुपंक्षी मन्त्रालयसंगको समन्वयमा कृषक परिचयपत्र वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१०.पशुपन्छी प्राथमिक उपचार, परजीवी नियन्त्रण तथा अन्य रोगहरुको नियन्त्रण गर्न निशुल्क खोपको व्यवस्थापन गरिनेछ।

११.पशु स्वास्थ्य सुधारका लागि आगामी आ.व.देखि अत्याधुनिक पशु स्वास्थ्य प्रयोगशालाको व्यवस्थापन गरी सेवा प्रवाह गरिनेछ ।

१२.आगामी आ.व.मा तरकारी बाली पकेट विकास कार्यक्रम संचालन गरिनेछ ।

**उद्यमशिलता विकास, रोजगार र पर्यटन**

१. निजी, सहकारी तथा गैरसरकारी संस्थाको सहकार्यमा प्राविधिक तथा सीपमूलक तालिम मार्फत युवा लक्षित रोजगारमूलक कार्यक्रम संचालन गरिनेछ ।
२. सिर्जनशील एवं नवप्रवर्तन उद्यम सञ्चालन गर्ने, अधिकतम रोजगारी सिर्जना गर्ने उद्यमीहरुलाई सम्मान एवं पुरस्कृत गरिनेछ ।
३. नगरपालिकामा संचालन हुने विकास निर्माण कार्यमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिइने, सरकारी, निजी, गैरसरकारी संस्था एवं व्यक्तिको लागि आवश्यक पर्ने श्रमशक्ति रोजगार बैंक मार्फत उपलब्ध गराउने नीति लिइनेछ ।
४. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सिंचाई, नदी नियन्त्रण, वन, पर्यटन, पूर्वाधार निर्माण लगायतका कामसँग आवद्ध गरिनेछ ।
५. बजार अनुगमनलाई नियमित र थप व्यवस्थित गरिनेछ । उपभोक्ताको अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
६. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई सुरक्षित आप्रवासन कार्यक्रम मार्फत घरदैलोमै मनोसमाजिक परामर्श सेवा प्रदान गरिनेछ ।
७. धार्मिक, साँस्कृतिक एवं पर्यटनको विकास गर्न संघ एंव प्रदेश सरकार संगको सहकार्यमा पर्यटन सम्बन्धी गुरुयोजना तर्जुमा गरिनेछ ।
८. भाषा, कला, संस्कृति, सम्पदा र साहित्यको संरक्षण, संवर्द्धन र विकास गर्न कार्यक्रम सञ्चालन गरिनेछ । निर्माण सम्पन्न हुन बाँकी रहेका धार्मिक सम्पदा, पर्यटकीय एवं रमणीय स्थलहरुको निर्माण कार्य सम्पन्न गरिनेछ ।
९. रोजगारी सिर्जनाका लागि दक्ष जनशक्ति उत्पादन गर्न CTEVT मार्फत विभिन्न प्राविधिक तालिमहरु गराइनेछ ।
१०. बानेश्वरनाथ मन्दिर, सोवर्णामाई मन्दिर, बरहवा ताल, शिवालय पोखरी लगायतका पर्यटकीय क्षेत्रहरुलाई साहसिक एवं मनोरञ्जनात्मक खेल स्थल, पार्क, उद्यान, पदमार्ग जस्ता पर्यटकीय पूर्वाधार निर्माण गरी आन्तरिक एवं बाह्य पर्यटकको गन्तव्य स्थलको रुपमा विकास गरिनेछ ।
११. नवप्रवर्द्धन साझेदारी कार्यक्रमको सहयोगमा नगरक्षेत्रमा पर्यटन प्रवर्द्धनका लागि बरहवा खोला सौन्दर्यीकरण तथा व्यवस्थापन गर्ने कार्य आगामी आ.व.मा संचालनमा ल्याईनेछ ।
१२.

**<u>वन, वातावरण तथा विपद् व्यवस्थापन</u>**

१. यस नगर क्षेत्रमा रहेको सार्वजनिक जग्गा र खाली रहेका नीजी जग्गाहरुलाई हरियाली क्षेत्रको रुपमा विकास गर्ने नीति लिईनेछ । सफा र हरित शहरको सपना साकार पार्न नगर क्षेत्रका सडक किनारहरुमा वृक्षारोपण गरिनेछ ।
२. नेपाल सरकार, प्रदेश सरकार तथा वातावरण संरक्षणको क्षेत्रमा क्रियाशील संस्थासँगको समन्वय र सहकार्यमा नगर जलवायु अनुकूलन योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
३. प्राकृतिक तथा गैर प्राकृतिक विपद्का कारण भौतिक, आर्थिक, सामाजिक, पूर्वाधर क्षेत्रमा पर्न सक्ने प्रतिकूल प्रभावलाई मध्यनजर गर्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न ईच्छुक व्यक्ति, निजी क्षेत्र, सरकारी निकाय, सहकारी र गैरसरकारी संघ संस्थालाई विपद् व्यवस्थापन कोषमा आर्थिक सहयोग गर्न आह्वान गरी सह-लगानीमा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने नीति लिइनेछ ।
४. प्राकृतिक एवं गैर प्राकृतिक विपद्को पूर्वतयारी, रोकथाम एवं व्यवस्थापन गर्न नदी नियन्त्रण, वृक्षारोपण, तटबन्ध निर्माण लगायतका कार्यहरु संचालन गरिनेछ ।
५. विपद् जोखिम व्यवस्थापनका सम्बन्धमा तर्जुमा गरिएका कानूनहरुको प्रभावकारी कार्यान्वयन गर्दै गौर नगरलाई विपद् जोखिममुक्त सुरक्षित शहर बनाउन जनचेतना अभिवृद्धि गरिनेछ । सम्भावित जोखिमयुक्त स्थानमा जोखिम नक्सांकन गरी विपद् हुन नदिन पूर्व तयारी र विपद् अनुकूलन कार्यक्रम सञ्चालन गरिनेछ ।
६. बाढी, पहिरो लगायतका प्रकोपबाट सिर्जित विपद्लाई तत्काल सम्बोधन गर्न नगरपालिका तथा मातहतका वडा कार्यालयमा आवश्यक आधारभूत सामग्री भण्डारण गरिएकोमा हाल भएको सामग्रीको अवस्था र आवश्यक अन्य सामग्री थपको व्यवस्था मिलाइनेछ ।
७. गौर नगरपालिकालाई धुवाँ मुक्त बनाउन आवश्यक कार्यक्रमको थालनी गरिनेछ ।
८. गौर नगरपालिकालाई विपद् ब्यवस्थापनमा नमूना नगरको रुपमा स्थापीत गर्न विपद् प्रतिकार्यमा तत्काल राहत तथा पुनर्स्थापना, विपद् व्यवस्थापन श्रोत केन्द्र, आपतकालीन कार्यसञ्चालन केन्द्र, विपद् स्वयंसेवक, फायर फाइटर र नगर प्रहरीको क्षमता

विकास गरी चुस्त दुरुस्त अवस्थामा राख्न आवश्यक समन्वय र परिचालन गरीनेछ। पूर्वाधारका हरेक योजनाबाट २ प्रतिशत रकम कट्टा गरी पर्यावरण संरक्षण र विपद् जोखिम न्यूनिकरण क्षेत्रमा विपद् व्यवस्थापन कोष मार्फत खर्च गर्ने नीति लिई विपद् क्षेत्रमा काम गर्ने जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, सोसियल भोलिन्टीयर, विद्यालयहरु संग आवश्यक सहकार्य गर्दै विपद् उद्धार सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९. नगरका सबै वडाहरुमा टोल विकास संस्था दर्ता गराई उक्त संस्था द्वारा कम्तिमा १० प्रतिशत साझेदारीमा सामाजिक सचेतना र टोलस्तरीय विकासका योजना तथा कार्यक्रमहरुमा सहकार्य गरिनेछ ।

१०. गौर नगरपालिकालाई देशकै नमुना नगरका को रुपमा विकसित गर्ने परिकल्पनालाई कार्यान्वयन गर्न दीर्घकालीन सोचका साथ तय गरिएको गौरवका आयोजना र कार्यक्रमहरु आगामी आर्थिक बर्षमा समेत निरन्तर रुपमा कार्यान्वयन हुनेछन्। यस अघिका बर्षहरुमा घोषणा गरिएका नीति तथा कार्यक्रमलाई आत्मसाथ गर्दै कार्यान्वयन गर्न बाँकी भएका सबै नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन प्राथमिकताका साथ गरिनेछ।

**<u>पूर्वाधार, शहरी विकास तथा भवन निर्माण</u>**

१. चालू आर्थिक वर्षदेखि संचालित घरनक्सा सम्बन्धी पूराना फाइलहरु डिजिटलाइजेशन गर्ने कार्यलाई अगाडि बढाईनेछ ।

२. भूकम्पीय जोखिमबाट बच्नका लागि भूकम्प प्रतिरोधी घरसंरचना निर्माणलाई अनिवार्य गरिनेछ ।

३. नगरपालिकाको नगर सडक व्यवस्थापन योजना (MTMP) बमोजिम सडकहरुको नामाकरण गरी नगरपालिका स्थित घरहरुलाई घर नम्बर जारी गर्ने प्रणालीको शुरुवात गरिनेछ ।

४. निर्माण गरिएका सडकमा फुटपाथ निर्माण तथा सौन्दर्यता कायम गर्न हरियाली प्रवर्द्धन गरिनेछ । सडकको नियमित, आवधिक र आकस्मिक मर्मत संभार कार्यलाई योजनावद्ध ढंगबाट कार्यान्वयन गर्न मर्मत संभार कोषलाई सुदृढ बनाईनेछ ।

५. निर्माणाधीन सडकहरुको निर्माण सम्पन्न गरी शाखा र सहायक सडकहरुको बिस्तार तथा स्तरोन्नती गर्दै लगिनेछ ।

६. सडकजन्य जोखिम न्यूनीकरण र सुन्दर शहर निर्माण गर्ने उद्देश्यले विगत ३ आर्थिक वर्षदेखि संचालनमा रहेको नगर प्रमुखसंग उज्यालो कार्यक्रम अन्तर्गत सडक बत्ती जडान भई सकेको भएपनि अझै सडक वत्तिको माग भई रहेकोले यस कार्यलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिईने छ । नगरक्षेत्रभित्रका सडक, चोक तथा सार्वजनिक स्थलमा उज्यालो नगर कार्यक्रम अन्तर्गत सडक बत्ति जडान र जडित बत्तीको नियमित संचालनको सुनिश्चितता गरिनेछ ।

७. सामुदायिक भवनको व्यवस्थापन एवं एकरुपतामा जोड दिइनेछ ।

८. नगरपालिका भित्र संचालित अधुरा आयोजनालाई समयमै सम्पन्न गर्नुका साथै आयोजना छनौट, सञ्चालन र व्यवस्थापनमा दोहोरोपना आउन नदिन नगर आयोजना बैंकको अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।

९. वातावरणीय अध्ययन, विस्तृत परियोजना अध्ययन र पूर्व सम्भाव्यता अध्ययनका आधारमा छिटो प्रतिफल प्राप्त हुन सक्ने र विकास निर्माणमा अध्ययन, अनुसन्धानलाई जोड दिँदै डिजाइन तयार भएपछि मात्रै निर्माण प्रक्रिया थालनी गर्ने पद्धति संस्थागत गरिनेछ । पूर्वाधार निर्माणमा जोखिम न्यूनीकरणलाई प्राथमिकता दिइनेछ ।

१०.नगरलाई खाल्डाखुल्डीमुक्त सडक व्यवस्थापनमा जोड दिइनेछ ।

११.गौर नगर कार्यपालिका कार्यालयको आफ्नै सुविधा सम्पन्न भवनबाट सेवा प्रवाह गर्न बहुबर्षीय ठेक्का लगाई द्रुत गतिमा निर्माण सम्पन्न गरी प्रभावकारी सेवा प्रवाह गर्न जनमैत्री कार्यसम्पादन योजना तयार गरिनेछ ।

१२.समयमा पूर्वाधार निर्माणको कार्य सम्पन्न नहुने समस्या समाधानका लागि ठूला र दीर्घकालीन महत्वका पूर्वाधार निर्माणलाई प्राथमिकता दिई तोकिएको समय, लागत र गुणस्तरमा सम्पन्न गर्नु पर्ने संस्थागत संरचना र कार्यगत जिम्मेवारी प्रदान गरिनेछ । तोकिएको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।

१३.बढ्दो शहरीकरण र सवारी साधनको चापलाई व्यवस्थित गर्न नगर क्षेत्रमा भएका खुला क्षेत्रहरुको पहिचान गरी सामुदायिक, सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा सःशुल्क तथा निःशुल्क पार्किङ्गको व्यवस्था गरिनेछ ।

१४.वैकल्पिक उर्जाको विकास र उपयोग बढाइनेछ ।

१५.आयोजना र कार्यक्रमको अनुगमन गरी लगानीको सदुपयोग र उत्कृष्टतामा जोड दिइनेछ ।

१६.गौर नगरपालिका क्षेत्रको पानीको व्यवस्थित निकासको लागि संघीय खानेपानी विभागको समन्वयमा ढल निकास योजना आगामी आ.व.०८२/०८३ मा संचालनमा ल्याईनेछ ।

१७.गौर नगरपालिका क्षेत्रमा वर्षेनी बाढीबाट हुने क्षती न्यूनिकरण तथा वातावरण संरक्षण गर्न आगामी आ.व.०८२/०८३ मा बकैया नदी नियन्त्रण तथा बृक्षारोपण गर्ने कार्य संचालन गरिनेछ ।

१८.विकास निर्माण कार्यलाई दोहोरोपन हुन नदिन संघ एवं प्रदेश मन्त्रालय, जिल्ला स्थित विषयगत कार्यालयहरु लगायत विभिन्न संघ संस्था मार्फत हुने सबै किसिमका निर्माण कार्यलाई यस नगरपालिकामा अनिवार्य रुपमा जानकारी गराई अनुमति/स्वीकृती लिने व्यवस्था मिलाउनुका साथै अन्तर तह समन्वय र सहकार्यमा जोड् दिईनेछ ।

१९.नगरक्षेत्र भित्र रहेका गौरबका आयोजनहरुको पहिचान एवं सम्भाव्यता अध्ययन गरिनेछ।

**<u>खानेपानी तथा सरसफाई</u>**

१. नगरपालिकाको जलस्रोत ऐन तथा तत् सम्बन्धी अन्य कानूनमा व्यवस्था भए बमोजिम खानेपानी उपभोक्ता समितिको दर्ता, नवीकरण र नियमनको व्यवस्था मिलाइनेछ । संघ तथा प्रदेश सरकारको सहलगानीमा ठूला खानेपानी आयोजना कार्यान्वयन र बिस्तारको कामलाई तिव्रता दिइनेछ ।

२. फोहोर मैला व्यवस्थापनको लागि संघ एवं प्रदेश सरकारको सहयोगमा डम्पिङ्ग साईट निर्माण गर्ने निति अवलम्बन गरिनेछ ।

३. गरिब तथा विपन्न घरपरिवारलाई स्वच्छ खानेपानी व्यवस्थापन गर्नका लागि हैण्ड पाईप जडान तथा खानेपानी धारा जडान कार्यलाई निरन्तरता दिईनेछ ।

४. नगरक्षेत्रका सामुदायिक विधालयहरु मध्ये आवश्यकता पहिचान गरी वास सहितको शौचालय निर्माण कार्य अगाडि बढाईनेछ

५. कुडवा खानेपानी टैंकीलाई मर्मत सम्भार गरी प्रयोगमा ल्याईनेछ ।

६. खानेपानी संस्थान गौर संग समन्वय गरी खानेपानी धारा जडान नभएका बस्तीहरुमा पाईपलाईन विस्तार गरिनेछ ।

७. सुखायाममा पानीको अभाव हुन नदिन पोखरी,ताल तलैयाहरुको संरक्षणका लागि आवश्यक प्रकृया अगाडी बढाईनेछ ।

८. "नगरको सफाई र आकर्षणः फोहोर मैलाको उचित विसर्जन र व्यवस्थापन" स्थापित गर्न नगर सरसफाई कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गर्दै नगर संरचनामा खानेपानी, सरसफाई तथा स्वच्छता शाखा स्थापना गरिनेछ। सम्पूर्ण सरोकारवालाहरु संग सहकार्य गरी सरसफाई तथा स्वच्छता गुरुयोजना तयार गरी प्रभावकारी रुपमा लागू गरिनेछ। व्यवस्थित ल्याण्डफिल्ड साइट, सरसफाई योद्धाहरु र सफाई उपकरण तथा फोहोरमैला प्रशोधन प्रविधि मार्फत् नियमित र प्रभावकारी रुपमा नगर सरसफाई अभियान संचालन गरिनेछ। नगरमा क्रियाशिल टोल विकास संस्था, नेपाली सेना, शसस्त्र र जनपद प्रहरी एवम् नगरका विभिन्न संघ संस्थाहरु संगको सहकार्य निरन्तर गरिनेछ । श्रोतमै फोहोरको बर्गिकरण गरी बैज्ञानिक विधिबाट फोहोर मैला व्यवस्थापन गर्न सचेतना वृद्धि र संरचना निर्माण गरी प्रभावकारी रुपमा फोहोरमैला व्यवस्थापन कार्य गरिनेछ ।

**<u>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक</u>**

१. महिलालाई उत्पादन र आय आर्जनसँग जोड्न उनीहरुको सीप र क्षमता अभिवृद्धिको लागि महिला लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

२. ज्येष्ठ नागरिकमा भएको ज्ञान, सीप र योग्यता हस्तान्तरण तथा पुस्तान्तरण गर्न ज्येष्ठ नागरिकसँग अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ । ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी अवधारणालाइ मुर्तरुप दिन लैङ्गिक उतरदायी बजेट विनियोजन गरी विभेद, हिंसा, मानव बेचविखन तथा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यबहार सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्दै पिडीत एवं प्रभावितहरुको उद्धार, राहत, मनोविमर्शका साथै बिकास साझेदार निकायहरुसंगको समन्वय तथा साझेदारीमा सुरक्षित अल्पकालीन आश्रय स्थल संचालन कार्यलाई निरन्तरता दिईनेछ ।

४. बालमैत्री, ज्येष्ठ नागरिकमैत्री, अपाङ्गतामैत्री पूर्वाधार एवं सहज जीवनको लागि विशेष सहयोगी सामग्री वितरण गरिनेछ ।

५. दलित, उत्पिडीत, सीमान्तकृत, अल्पसंख्यक र पिछडिएका व्यक्ति एवं समुदायको लागि शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सशक्तीकरणमा विशेष ग्राहयता दिइनेछ ।

६. अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गरी नगरबाट उपलब्ध गराउने सबै प्रकारका सेवा, सुविधाहरुमा लाभग्राही बनाउँदै रोजगार र आत्मनिर्भर हुने कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ । नगरपालिकाभित्र रहेका विभिन्न समितिहरुमा

अपाङ्गता भएका व्यक्तिहरुको समेत सहभागिता गराई उनीहरुसँग सम्बन्धित कार्यक्रममा अपाङ्गता क्षेत्रमा कार्य गरिरहेका संघ संस्थाहरुसंग समेत समन्वय गरिनेछ ।

७. बालबालिकाहरुलाई एस.ई.ई. तथा १२ कक्षा पश्चात उच्च शिक्षा अध्ययनका लागि करियर काउन्सिलिङ्ग तथा लोकसेवा आयोगको तयारी कक्षाहरु संचालन गरिनेछ ।

८. महिला उधमशिलता, सीप तथा व्यवसायिक विकासका कार्यक्रमहरु मार्फत महिला तथा लक्षित बर्गको जीवनस्तरमा सुधार ल्याउन बिउपूँजीको व्यवस्था गरिनेछ ।

**सहकारी तथा संघ संस्था**

१. सहकारी ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम सहकारी संस्था दर्ता तथा सञ्चालित सहकारीहरुको नियमित अनुगमन र नियमन गरिनेछ ।

२. नगरपालिका र सहकारी संस्थाबीचको सहकार्यमा स्थानीय उत्पादनको प्रवर्द्धन गरी रोजगारी र आय आर्जन वृद्धिमा जोड दिइनेछ

३. संस्था दर्ता सम्बन्धी कानून तर्जुमा भईसकेको सन्दर्भमा नगरपालिकामा दर्ता एवं संचालनमा रहेका संस्थाहरुको नियमन प्रभावकारी बनाइनेछ ।

४. सहकारी संस्थासँग सरोकार राख्ने राष्ट्रिय सहकारी बैंक, नेफ्स्कुन, सहकारी संघ तथा सहकारी अभियानकर्ताहरुसँगको समन्वयमा यस क्षेत्रसंग सम्बन्धित समस्या समाधान गर्न सवलीकरण कार्यक्रम संचालन गरिनेछ ।

५. सहकारीको मूल्य, मान्यता र सिद्धान्त बमोजिम यस क्षेत्रको सञ्चालन एवं व्यवस्थापन गरिनेछ ।

६. सहकारी संस्थाहरुको तथ्याङ्क तथा विवरणहरुलाई व्यवस्थित गरिनेछ ।

७. सहकारी तथा गरिवी निवारण सम्वन्धी व्यवस्थापन सूचना प्रणालीलाई अझ व्यवस्थित गरिनेछ ।

८. सहकारी संस्थाहरुको बचतलाई उत्पादन मुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

**कानून तथा न्याय**

१. नगरभित्रको शान्ति सुव्यवस्थालाई प्रभावकारी बनाई आम नागरिक र सम्पत्तिको सुरक्षाको प्रत्याभूति गर्न नगर प्रहरीको क्षमता अभिवृद्धि गरिनेछ । नगरपालिकाभित्र सुरक्षाको संवेदनशिलताको दृष्टिले महत्वपूर्ण स्थानमा सामाजिक संघ संस्था र नेपाल प्रहरीसँगको समन्वय तथा सहकार्यमा सिसिटिभी जडान कार्यलाई निरन्तरता दिइनेछ ।

२. नगरपालिकाको न्यायिक समिति मार्फत गर्नुपर्ने न्याय सम्पादन सम्बन्धी कार्यमा सहजता ल्याउन न्यायिक समितिको भूमिकालाई थप प्रभावकारी बनाउँदै उजुरी/विवादको समयमै निरुपण गरी पीडितलाई न्यायको प्रत्याभूति दिलाउन न्यायिक समितिको क्षमता विकास गरिनेछ । न्यायिक समितिबाट सम्पादन हुने कार्यहरुलाई थप प्रविधिमैत्री बनाइनेछ । सबै वडामा मेलमिलापकर्ताको परिचालन गरिनेछ ।

३. गौर नगरपालिकाभित्रका सम्पूर्ण विद्यालयमा भर्ना हुने विद्यार्थीले अनिवार्य रुपमा जन्मदर्ता प्रमाण पत्र पेश गर्नुपर्ने नीति लिइनेछ

४. सामाजिक सुरक्षा भत्ता (विशेष नवीकरण) र बैंकिङ्ग प्रणालीबाट वितरण सम्बन्धमा वडास्तरमा व्यापक सचेतना अभिवृद्धि गरिनेछ

**सार्वजनिक सेवा, सुशासन र क्षमता विकास**

१. विधिको शासन, पारदर्शीता, उत्तरदायित्व नतिजामुखी व्यवस्थापन, जवाफदेहिता जस्ता सुशासनका मूलभूत मान्यतालाई दृढताका साथ अवलम्बन गरी सार्वजनिक सेवामा समतामूलक पहुँच सुनिश्चित गरिनेछ ।

२. भ्रष्टाचार र अनियमितता विरुद्ध शून्य सहनशीलताको नीतिलाई निरन्तरता दिइनेछ । सेवा प्रवाहमा अनियमितता तथा सरकारी स्रोत साधन र सम्पत्तिको अनाधिकृत प्रयोग एवं दोहन गर्नेलाई कानूनी कारवाहीको दायरामा ल्याइनेछ । सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणमा सबैसँग हातेमालो गरिनेछ ।

३. नगरपालिका र अन्तर्गतबाट प्रवाह हुने सेवालाई सर्वसुलभ, छिटो, छरितो र प्रभावकारी बनाउन यस अघि प्रयोगमा रहेका प्रणालीको प्रभावकारी कार्यान्वयनको साथै एकीकृत र प्रविधिमैत्री सेवा प्रवाहको व्यवस्था मिलाउन अफिस अटोमेशन प्रणालीको विकास र कार्यान्वयन गरी नगरपालिकालाई प्रविधिमैत्री पालिकाको रुपमा स्थापित गरिनेछ ।

४. सार्वजनिक खरिदलाई पारदर्शी, प्रतिस्पर्धी र मितव्ययी बनाई खरिद सुशासन कायम गरिनेछ ।

५. हरेक वडा, संस्थागत एवं सामुदायिक विद्यालयमा सूचना अधिकारीको व्यवस्था गरिनेछ ।
६. इमान्दारिता, अनुशासन, सदाचारिता प्रवर्द्धन गर्न नगर सदाचार नीति तर्जुमा गरिनेछ ।
७. सार्वजनिक सेवालाई छिटो छरितो र प्रभावकारी बनाउन हरेक शाखा, वडा, स्वास्थ्य चौकी प्रमुखसंग कार्यसम्पादन करार सम्झौता गरी यसलाई वृत्ति विकाससंग आवद्ध गरिनेछ ।
८. सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण, सामाजिक परीक्षण, नागरिक वडापत्रको प्रभावकारी कार्यान्वयन जस्ता सुशासनका औजारहरुलाई नियमित रुपमा संचालन गरी पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व र जनविश्वास अभिवृद्धिमा जोड दिइनेछ ।
९. नगरपालिकाको सबै सूचना एवं तथ्याङ्क व्यवस्थित गर्न नगरपालिकामा स्थापित सूचना केन्द्रलाई अझै प्रभावकारी बनाइनेछ । यस केन्द्र मार्फत नगरपालिकाको आधिकारिक सूचना, तथ्याङ्क एवम् गतिविधिको अद्यावधिक जानकारी द्रुत गतिमा सम्प्रेषण गर्ने व्यवस्था मिलाइनेछ । नगरपालिकाको वेवसाइट, फेसबुक पेज प्रकाशनलाई व्यवस्थित गरिनेछ ।
१०.संस्थागत सुदृढीकरण अन्तर्गत नगर कार्यपालिकाको प्रशासनिक भवन निर्माण सम्पन्न गरी नवनिर्मित भवनबाट कार्यालय संचालन गरिनेछ । गौर नगरपालिका वडा नं. ४ र ८ को कार्यालय भवन निर्माणको कार्य थालनी गरिनेछ ।
११.नगरपालिकाको संगठन संरचना, दरबन्दी र पदनाम अनुसार जनशक्ति व्यवस्थापन र तिनको क्षमता विकास गरी चुस्त र कार्यात्मक कार्यसम्पादनको प्रबन्ध गरिनेछ ।
१२.क्षमता विकास योजना अनुसार कार्यक्षेत्रसँग सम्बन्धित विषयमा जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता विकास सम्बन्धी तालिम, अभिमुखीकरण तथा असल अभ्यास, अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
१३.दक्ष, इमान्दार र कार्यसम्पादनमा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्न आवश्यक कार्यविधि र मापदण्ड निर्धारण गरी उक्त कार्यको थालनी गरिनेछ ।
१४.स्थानीय सेवासंग सम्बन्धित मोबाइल एपको विकास गरिनेछ ।
१५.एकिकृत वार्षिक खरिद योजना तर्जुमा एवं कार्यान्वयन गरिनेछ ।
१६.सूचना प्रविधिको माध्यमबाट स्थानीय अभिलेख व्यवस्थापन प्रभावकारी बनाइनेछ ।

<u>राजस्व तथा वित्त व्यवस्थापन</u>

१. "हाम्रो कर, हाम्रै विकासको भर" भन्ने नारा सहित चालू आर्थिक वर्षमा संचालन गरिएको व्यवसाय दर्ता अभियानबाट थप व्यवसाय दर्ता तथा सूचीकरण भएको भएतापनि अझै ठूलो संख्यामा व्यवसायहरु करको दायरामा आउन बाँकि रहेकोले व्यवसाय दर्ता अभियानलाई निरन्तरता दिइनेछ ।
२. राजस्व प्रशासनलाई थप प्रभावकारी बनाउन क्षमता विकासमा जोड दिइनेछ । करदातामैत्री एवं प्रविधिमैत्री कर प्रशासन, उत्कृष्ट करदातालाई सम्मान गरिनेछ ।
३. भू उपयोग योजना अनुसार भएको भूमिको वर्गिकरणको आधारमा भूमि तथा सम्पत्ती करका सम्बन्धमा विगत लामो समयदेखि निर्धारण गरिएको सम्पत्ति करको दरलाई यथार्थपरक र समयानुकूल समायोजन गरिनेछ ।
४. घर जग्गा वहाल करलाई नगरपालिकाको स्थायी स्रोतका रुपमा विकास गर्नका लागि आगामी आर्थिक वर्षमा वहाल कर स्वयं घोषणा अभियान संचालन गरिनेछ ।
५. नगरपालिकाको वित्त व्यवस्थापनलाई थप पारदर्शी र उत्तरदायी बनाउन, खर्चको गुणस्तर र मितव्ययिता कायम गर्न र सम्बन्धित व्यक्ति एवं निकायलाई जवाफदेही बनाउन नगर आर्थिक कार्यविधि, ऐन लगायत संघीय र प्रादेशिक आर्थिक ऐनहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
६. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन निर्माण गरिनेछ ।
७. सालवसाली रुपमा रहदै आएको पुरानो पेश्की, वेरुजु फर्छयौटलाई प्रभावकारी बनाउँदै पुरानो पेश्की तथा वेरुजु रहेको विवरण सार्वजनिक गरी पेश्की,बेरुजु रहेको व्यक्ति /संस्थालाई नगरपालिकाबाट सेवा प्रवाह नगर्ने नीति लिइनेछ ।
८. बजेट अनुमान र खर्चलाई थप यथार्थपरक बनाइनेछ । फजुल र अनुत्पादक खर्चमा कटौती गरी चालु खर्चमा मितव्ययिता कायम गरिनेछ ।

सभासदस्यहरु,

सार्वजनिक सेवालाई व्यवसायिक, प्रविधिमैत्री, जनमुखी, पारदर्शी, उत्तरदायी, चुस्त र प्रभावकारी बनाउदै दिगो विकास, सुशासन र समृद्धिलाई संस्थागत गर्न आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम निर्माण गरिएकोछ ।

गौर नगरपालिकाको सार्वभौम यस नगरसभामा पेश भएको आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रमले रोजगारी सिर्जना एवं उद्यमशिलता प्रवर्द्धन, सबै किसिमका विभेद र असमानताको अन्त्य, वातावरणमैत्री विकासमा जोड, सुरक्षित एवं व्यवस्थित शहरको विकास एवं हालसम्म हासिल गरेका उपलब्धिलाई संस्थागत गर्दै दिगो विकास व्यवस्थित शहर, स्वच्छ समृद्ध गौर नगर निर्माण गर्ने अठोट लिईएको छ ।

यसर्थ विगत वर्ष एव चालु आर्थिक वर्षहरुमा मधेश प्रदेश सरकारको जिल्ला स्थित रहेका विभिन्न कार्यालयबाट यस नगरपालिकामा संचालित विभिन्न विकास निर्माण आयोजना एव कार्यक्रमहरु यस नगरपालिकासँग बिना कुनै सहकार्य समन्वयमा संचालन गरीएको कारण प्राय योजनाहरुमा दोहोरोपन गरिएको पाईनुका साथै सडक, भवनका मापदण्ड पुरा नगरिएको, साबिक सडकको संरचना बिगारिएकोले यस किसिमको एकहोरो कार्यले प्रदेश सरकारमाथि नै गम्भिर प्रश्न चिन्ह खडा गरेको हामीले महसुश गरेका छौं ।

अन्त्यमा, यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि सबै पक्षको साथ र सहयोग अपरिहार्य छ । यसका लागि नेपाल सरकार तथा प्रदेश सरकार, नगरमा क्रियाशील राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज, संचारमाध्यम, बुद्धिजीवी, गैरसरकारी संघ संस्था, आम नगरबासीको एक्यवद्धताको अपेक्षा गरेको छु । नीति तथा कार्यक्रमको निर्माण एवं गौर नगरपालिकाको समग्र विकासमा योगदान पुर्‍याउनु हुने नगरबासी दिदीबहिनी, दाजुभाइ, राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी, संचार माध्यम, संचारकर्मी लगायत सबैमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ! नमस्कार ।

शम्भु साह

नगर प्रमुख एवम् नगर सभाध्यक्ष

गौर नगरपालिका, रौतहट।

इति सम्वत् २०८२ साल आषाढ महिनाको ९ गते २ रोज ।